मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

धनुषा जनकपुरधाम

प.सं २०८३/०८४
च.नं. 56

मितिः २०८३/०७/११

विषयः सूचना टाँस गरी जानकारी पठाईदिनु हुन ।

श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, धनुषा ।
श्री राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम,कार्यक्रम कार्यान्वयन इकाइ धनुषा ।
श्री भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषा ।
श्री स्थानीय तहहरू सबै, धनुषा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८३/०७/११ गते प्रकाशन भएका "कृषि विकास कार्यक्रमहरुको आवेदन पेश गर्ने सम्बन्धि सूचना।" पाना-५, "बिउ बिजन आत्मनिर्भर कार्यक्रमको लागी आवेदन पेश गर्ने सम्बन्धि सूचना।" पाना-१ र "प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना।" पाना-२ यसै पत्र साथ संलग्न गरि पठाईएको हुदा तहाँ कार्यालयको सूचना पाटिमा टाँस गरिदिनुहुन अनुरोध छ ।साथै सम्पूर्ण स्थानीयतहहरु बाट वडा कार्यालय सम्म सूचना पुग्ने व्यवस्था समेत मिलाईदिनु हुन अनुरोध छ।

श्री प्रशासन शाखा
• सूचना पाँटीमा सूचना टाँस गरि फेसबुक र वेबसाइटमा अपलोड गर्ने।
• सबै वडा कार्यालयमा सूचना टाँस गर्न पत्राचार गर्ने।
Meenakur
२०८३/०७/११

.....
प्रदीप कुमार यादव
प्रमुख

प्रदीप कुमार यादव
प्रमुख

बोधार्थ :

श्री भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय,मधेश प्रदेश,जनकपुरधाम, धनुषा ।
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

कृषि विकास कार्यक्रमहरुको आवेदन पेश गर्ने सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति २०८३/०७/११ गते

कृषि ज्ञान केन्द्र धनुषाको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम निर्धारित शर्तहरुमा रहि संचालन गर्न ईच्छुक धनुषा जिल्लाभित्र खेति गर्ने कृषक/कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८३/०८/१० गते) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेस गर्नको लागी सूचना प्रकाशित गरिएको छ ।यस सम्बन्धि थप जनकारीको लागि कार्यालयको वेबसाईट https://akcdhanusha.gov.np मा गई सूचना, मापदण्ड तथा संचालन विधि डाउनलोड गर्न सकिनेछ वा कार्यालयको फोन नं. ०४१-४२०१४८/४२०७३९ वा ९८५४०१०००९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिल :

क्र. सं.	कार्यक्रमको नाम	आवेदन पेश गर्न सक्ने	आवश्यक कागजातहरू तथा मापदण्ड	संचालन गर्न सकिने कृयाकलाप तथा कार्यक्रम
१	व्यवसायिक तरकारी खेति प्रबर्द्धन कार्यक्रम	कृषक/कृषक समूह/कृषि सहकारी	१. कार्यालयले निर्दिष्ट गरेको फारम । २. कृषकको हकमा न्यूनतम ५ कट्ठा, कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम २ बिगहा क्षेत्रफलमा खेती गर्ने जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ वर्षको करारनामाको प्रतिलिपी समेत । ३. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ४. सम्बन्धित स्थानिय तह कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ। ५. संस्था/कृषक समूह /कृषि सहकारीको हकमा (थप) क. संस्था/समूह/सहकारीको हकमा दर्ता प्रमाणपत्र,पान नम्बर, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • व्यवसायिक तरकारी उत्पादन गर्ने कृषकले बेमौसमी तरकारी उत्पादन गर्न चाहेमा वा गरिरहेकाको हकमा ग्रीन हाउस/नेट हाउस, थोपा सिंचाइ, प्लाष्टिक घर लगायतका पूर्वाधारमा सहयोग • कृषि उत्पादन सामाग्रीहरु (बीउ, बेर्ना, कृषि चुन, फेरोमोन पासो) • कृषि सम्बन्धी स्वचालित यन्त्र उपकरणहरु • साना सिंचाई व्यवस्थापन • तालिम तथा क्षमता अभिवृद्धि ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम

फोन नं ०४१-४२०१४८/४२०७३९ Website: https://akcdhanusha.gov.np/ इमेल: akcdhanusha.chief@gmail.com
प्रदीप कुमार यादव

			ख. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय, आवेदन पेश गर्न आउने अख्तियारी र संचालक समितिको नागरिकताको प्रतिलिपी पेश गर्ने ।	• हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण ग) बजार प्रवर्द्धन कार्यक्रम • ई-लोडर • संङ्कलन/भण्डारण केन्द्र, कोल्ड च्याम्बर निर्माण • वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट
२	हरुवा चरवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागि 100 % अनुदानमा कृषि विकास कार्यक्रम	हरुवा चरुवा दलित लगायत लक्षित वर्गहरू	१.कार्यालयले तोकेको ढाँचामा भरिएको आवेदन फारम। २. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि। २. खेती गर्ने जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ वर्षको करारनामाको प्रतिलिपी समेत । ४. हरुवा, चरुवा,दलित भनी खुल्ने नेपाल सरकार वा मधेश प्रदेश सरकार वा स्थानीय तह बाट परिचय खुलाइएको प्रमाण पत्र। ५. स्थानीय तह वडा/कृषि विकास शाखाको सिफारिस। ६. संस्था/समूह/सहकारीको हकमा दर्ता प्रमाणपत्र,पान नम्बर, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी । ७. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय, आवेदन पेश गर्न आउने अख्तियारी र संचालक समितिको नागरिकताको प्रतिलिपी पेश गर्ने ।	क) उत्पादन तथा उत्पादकत्व बृद्दि कार्यक्रमः • उन्नत बिउ, कृषि चुन,औजार तथा यन्त्र उपकरणहरू, साना सिंचाई व्यवस्थापन, तालिम तथा क्षमता अभिबृद्दि ख) बजार प्रबर्द्दन कार्यक्रम : • वेईङ्ग/डिजिटल ब्यालेन्स
३	मखान खेति प्रवर्द्धन कार्यक्रम	कृषक/उद्यमी /कृषक समूह/कृषि	१. कार्यालयले निर्दिष्ट गरेको फारम । २. कृषक, उद्यमी, कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम ५ कट्ठा क्षेत्रफलमा खेती गरिरहेको जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपी, लिजमा लिएको	• प्रस्ताव तथा स्थलगत अनुगमनको आधारमा उपयोगी औजार उपकरण तथा पूर्वाधार निर्माण सहयोग

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

		सहकारी	जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ वर्षको करारनामाको प्रतिलिपी समेत । ३. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ४. सम्बन्धित स्थानिय तह कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ। ५. संस्था/कृषक समूह /कृषि सहकारीको हकमा (थप) क. संस्था/समूह/सहकारीको हकमा दर्ता प्रमाणपत्र,पान नम्बर, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ख. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय, आवेदन पेश गर्न आउने अख्तियारी र संचालक समितिको नागरिकताको प्रतिलिपी पेश गर्ने ।	• तालिम तथा क्षमता अभिवृद्धि • प्रविधि प्रदर्शन
४	च्याउ प्रवर्द्धन कार्यक्रम	कृषक/उद्यमी /कृषक समूह/कृषि सहकारी	१. कार्यालयले निर्दिष्ट गरेको फारम । २. खेती गरीने वा टहरा/संरचना भएको जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ वर्षको करारनामाको प्रतिलिपी समेत । ३. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ४. सम्बन्धित स्थानिय तह कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ। ५. संस्था/कृषक समूह /कृषि सहकारीको हकमा (थप) क. संस्था/समूह/सहकारीको हकमा दर्ता प्रमाणपत्र,पान नम्बर, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ख. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय, आवेदन पेश गर्न	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • च्याउ स्पन, कम्पोस्ट तथा प्याकिङ्ग प्लाष्टिक लगायतका उत्पादन सामाग्री • च्याउ उत्पादन सम्वद्ध कृषि यन्त्र उपकरण तथा पूर्वाधार • तालिम तथा क्षमता अभिवृद्धि ख) उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम • प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, लेभलिङ्ग लगायत पोष्ट हार्भेष्ट उपकरण

प्रदीप कुमार यादव

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

			आउने अख्तियारी र संचालक समितिको नागरिकताको प्रतिलिपी पेश गर्ने । ६. कम्तिमा ५ केजी च्याउको बीउ प्रयोग गरी च्याउ उत्पादन गर्न ईच्छुक कृषकले आवेदन गर्न सक्ने । कृषक समूह/कृषि सहकारी /कृषि उद्यमीको हकमा कम्तिमा १०० केजी बिउ प्रयोग गरी च्याउ उत्पादन गर्न ईच्छुकले आवेदन गर्न सक्ने।	
५	बगर खेतीमा सहयोग	बगर खेती गर्ने कृषकहरु	१. कार्यालयले निर्दिष्ट गरेको फारम । २. कम्तिमा ५ कट्ठा जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ वर्षको करारनामाको प्रतिलिपी समेत । (लालपुर्जा नभएको कृषकको हकमा बगर खेति गर्ने जग्गाको क्षेत्रफल स्थानियतह/सम्बन्धित वडा बाट सिफारिस भई आएको हुनुपर्ने) ३. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ४. सम्बन्धित स्थानिय तह कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ।	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • बीउ, बेर्ना • औजार तथा यन्त्र उपकरणहरु • सिंचाई व्यवस्थापन • तालिम तथा क्षमता अभिवृद्धि ख) बजार प्रवर्द्धन कार्यक्रम • ई-लोडर • वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट
६	रैथाने बाली प्रवर्द्धन कार्यक्रम	रैथाने बाली (सहिजन/कोदो/फापर आदी) खेती गर्ने कृषकहरु	१. कार्यालयले निर्दिष्ट गरेको फारम । २. कम्तिमा १ कट्ठा जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ वर्षको करारनामाको प्रतिलिपी समेत । ३. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ४. सम्बन्धित स्थानिय तह कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ।	क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम • बीउ, बेर्ना • औजार तथा यन्त्र उपकरणहरु • साना सिंचाई व्यवस्थापन • तालिम तथा क्षमता अभिवृद्धि ख) उत्पादनोपरान्त प्रविधि प्रशोधन कार्यक्रम • हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्रशोधन लगायतका उत्पादनोपरान्त

फोन नं ०४१-४२०१४८/४२०७३९
Website: https://akcdhanusha.gov.np/
इमेलः akcdhanusha.chief@gmail.com
प्रदीप कुमार यादव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

				प्रविधि
७	माटो स्वस्थ्य सुधारको लागि हरियो मल प्रवर्द्धन कार्यक्रम (९०% अनुदानमा)	धान खेती गर्ने कृषकहरू	१. कार्यालयले निर्दिष्ट गरेको फारम । २. कम्तिमा १ कठ्ठा जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ वर्षको करारनामाको प्रतिलिपी समेत । ३. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ४. सम्वन्धित स्थानिय तह कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ।	• ढैंचा, मुङ्ग, सनई, बोडि लगायत अन्य हरियो मल • तालिम तथा क्षमता अभिवृद्धि • जनचेतना अभिवृद्धिका कार्यक्रम

अन्य शर्तहरू

- रितपुर्वक नआएका तथा म्याद नाधि प्राप्त आवेदन दर्ता गरिने छैन ।
- कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३ बमोजिम कार्यक्रम संचालन हुने छ ।
- स्वीकृत बजेट थप/घट/रोक्का तथा कार्यक्रम संचालन विधी परिमार्जन/संशोधन भए सोहि अनुसार हुनेछ।
- (साना सिंचाई व्यवस्थापन सम्वन्धि कार्यहरू "भूमिगत सिचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३" अनुसार सामान्यतयाः कृषकको हकमा २ बिगहा र संस्थाको हकमा ४ बिगहा जग्गाको धनी प्रमाणपत्रको प्रतिलिपि पेश भएको हुनु पर्नेछ। उखु, फलफूल, रैथाने, पुष्प र तरकारी बालीको हकमा न्यूनतम १ बिगहा जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि पेश भएको हुनपर्ने ।)
- अनुदानको अधिकतम सिमा कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३ तथा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संसोधन २०७७) अनुसार हुनेछ। झुटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द गरीनेछ तथा प्रस्ताव स्वीकृति गर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

प्रदीप कुमार यादव
प्रमुख

फोन नं ०४१-४२०१४८/४२०७३९ Website: https://akcdhanusha.gov.np/ इमेलः akcdhanusha.chief@gmail.com

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

बिउ बिजन आत्मनिर्भर कार्यक्रमको लागी आवेदन पेश गर्ने सम्बन्धि सूचना।

<u>प्रथम पटक प्रकाशित मिति २०८३/०७/११ गते</u>

कृषि ज्ञान केन्द्र धनुषाको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बिउ बिजन आत्मनिर्भर कार्यक्रम रहेको हुदा "बीउ बिजन आत्मनिर्भर कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०८३" बमोजिम संचालन गर्न ईच्छुक धनुषा जिल्लाभित्र खेति गर्ने कृषक/कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सुचना प्रकाशन भएको मितिले ३० औं दिन (मिति २०८३/०८/१० गते) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नको लागी सुचना प्रकाशित गरिएको छ। यस सम्बन्धि थप जनकारीको लागि कार्यालयको वेवसाईड https://akcdhanusha.gov.np मा गई सूचना, फारम, मापदण्ड तथा संचालन विधि डाउनलोड गर्न सकिनेछ वा कार्यालयको फोन नं. ०४१-४२०१४८/४२०७३९ वा ९८५४०१०००९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

<u>तपसिल:</u>

कार्यक्रम को नाम	आवेदन पेश गर्न सक्ने	संचालन गर्न सकिने कृयाकलाप तथा कार्यक्रम
बिउ बिजन आत्मनिर्भर कार्यक्रम	खाद्यन्न,दलहन,तेलहन बालीको मुल/प्रमाणीत/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागी ईजाजतपत्र प्राप्त कृषि सहकारी/कृषक समूह/ फर्म/ कम्पनी / उद्योग	➢ सरोकारवालालाई अभिमुखिकरण ➢ मुल/स्रोत/प्रमाणीत/उन्नत/लेबल बीउ उत्पादन कार्यक्रम ➢ पोष्ट हार्भेष्ट सेन्टर स्थापना कार्यक्रम ➢ ड्राईङ्ग, प्रशोधन, गुणस्तरीकरण, बीउ परिक्षण, ट्रिटिङ्ग, प्याकेजीङ्ग, लेवलिङ्ग ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्य

<u>आवश्यक कागजातहरू</u>

१. कार्यालयले निर्धारण गरेको आवेदन तथा प्रस्ताव फारम ।
२. बीउ बिजन उत्पादन/प्रशोधन/बिक्री वितरण र व्यवस्थापनको ईजाजतपत्रको प्रतिलिपी ।
३. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
४. स्थानीय तह वडा/कृषि विकास शाखाको सिफारिस।
५. बिउ उत्पादन वा पूर्वाधार निर्माणकोलागी प्रयोग हुने जमिनको जग्गाधनिपुर्जाको प्रतिलिपी लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ बर्षको करारनामाको प्रतिलिपी समेत (स्थाई संरचनाको हकमा कम्तिमा १५ बर्षको करारनामा)
६. लगानी प्रतिबद्दता सहित बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा बैंक खाताको स्टटमेन्ट ।
७. संस्था/समूह/सहकारीको दर्ता प्रमाणपत्र,पान/भ्याट प्रमाणपत्र, गत आ.व.को कर चुक्ता प्रमाणपत्र, लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
८. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय, आवेदन पेश गर्न आउने अख्तियारी र संचालक समितिको नागरिकताको प्रतिलिपी पेश गर्ने ।

<u>अन्य शर्तहरू</u>

- प्रस्ताव स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ।
- स्वीकृत बजेट र कार्यक्रम संचालन विधी परिमार्जन/संशोधन भए सोहि अनुसार थप घट हुनेछ।
- झूटो विवरण पेश गरेको, कुनै किसिमको पेश्की वेरुजु वा अनियमिततामा परेको / कार्यालयमा खराब आचरण प्रस्तुत गरेका व्यक्ति वा परिवारको आवेदन जुनसुकै वेला रद्द हुनेछ।

मधेश प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः- २०८३/०७/११)

यस कृषि ज्ञान केन्द्र, धनुषाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम रहेको हुँदा "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" को अधीनमा रही धनुषा जिल्ला भित्र खेती गर्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिन (मिति २०८३/०८/१० गते, अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुल्ने दिन) भित्र कृषि ज्ञान केन्द्र, धनुषाको कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव पेश गर्न सकिनेछ। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको वेबसाइट https://akcdhanusha.gov.np/ वा फोन नं. ०४१-४२०१४८/४२०७३९ मा सम्पर्क गर्न सकिनेछ। रीत नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु माथि कुनै कार्वाहि हुने छैन ।

कार्यक्रम संचालनको लागि न्युनतम मापदण्ड/प्रासंगिक विषयहरुः

क.स.	न्यूनतम मापदण्ड/प्रासंगिक विषय	कैफियत
१	खुला जमिनमा प्राङ्गारिक कृषि उत्पादन (Open field cultivation) कार्यक्रम	एकल फर्म भए कम्तिमा ७.५ कट्ठा जमिन र सहकारी वा समूहमार्फत कम्तिमा १० कट्ठा जमिनमा तोकिए बमोजिम खेती गर्नुपर्नेछ। क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गर्ने फर्म, समूह, सहकारीलाई प्राथमिकता दिइनेछ।
२	संरक्षित संरचनामा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम	प्राङ्गारिक खेती गर्न बनाइएका प्राविधिक स्पेशिफिकेशन बमोजिमका पुराना संरचनाहरु सुधार तथा तोकिए बमोजिम नयाँ संरचना निर्माणमा अनुदान सहयोग उपलब्ध गराइने।
३	नमूना प्रदर्शन कार्यक्रम	न्यूनतम ९० कट्ठाको एक क्लस्टरमा कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीको लागत साझेदारीमा तोकिए बमोजिमका कृयाकलाप संचालन गरिने। छनौट गरिने कृषक समूह वा सहकारीका सदस्यहरू मध्ये पशुपालन गरेको सदस्यलाई प्राथमिकता दिइनेछ।

आवश्यक कागजातः

१. कार्यालयले तोकेको ढाँचा बमोजिम आवेदन र प्रस्तावना।

२. सम्बन्धित कृषक समूह/संस्था/फर्मको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

३. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

४. कृषि सहकारी/निजी उद्यमी/कम्पनीको हकमा गत आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।

५. स्थानीय तहको कृषि विकास शाखा वा सम्बन्धित वडाको सिफारिस।

६. कार्यक्रम संचालन हुने जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपी, जग्गाधनीको नागरिकताको प्रतिलिपि वा भाडाको जग्गामा खेती भएको भए कम्तिमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तिमा १० वर्षको करारनामा।

फोन नं ०४१-४२०१४८/४२०७३९

इमेलः akcdhanusha.chief@gmail.com

वेबसाइट : https://akcdhanusha.gov.np/

७. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र र समूह/संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि।
८. आवेदकले दोहोरो पर्ने गरी यसै प्रकृतिको लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व-घोषणा पत्र।
९. प्रतिबद्धता पत्र।
१०. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू।

नोट : कृषि ज्ञान केन्द्र धनुषाको वेवसाईट https://akcdhanusha.gov.np मा गई कार्यक्रम सम्बन्धिको सूचना, फारम, कार्यविधि डाउनलोड गर्न सकिने छ ।

प्रदीप कुमार यादव
प्रमुख